आज मिति २०७४ साल पौष महिनाको ५ गते बुधवारका दिन दिनको ठिक ११.०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्ग ज्यू को अध्यक्षतामा बसी तपशिल बमोजिमका प्रस्तावहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

**तपशिल :**

श्री किसान गुरुङ्ग , नगर प्रमुख, शुक्लागण्डकी नगरपालिका कार्यालय

श्री सविता रसाईली , नगर उपप्रमुख ,सदस्य(नगर कार्यापालिका)

श्री रवि चन्द्र पौडेल, सदस्य (नगर कार्यापालिका)

श्री जगत बहादुर गुरुङ्ग ,सदस्य (नगर कार्यापालिका)

श्री राम कुमार श्रेष्ठ ,सदस्य (नगर कार्यापालिका)

श्री शिव कुमार श्रेष्ठ, सदस्य (नगर कार्यापालिका)

श्री दिर्घ बहादुर थापा, सदस्य (नगर कार्यापालिका)

श्री कृष्ण बहादुर पौडेल, सदस्य (नगर कार्यापालिका)

श्री राम बहादुर क्षेत्री थापा, सदस्य (नगर कार्यापालिका)

श्री कृष्ण प्रसाद रेग्मी, सदस्य (नगर कार्यापालिका)

श्री लोक नारायण श्रेष्ठ, सदस्य (नगर कार्यापालिका)

श्री राजेन्द्र भट्टराई,(का.व) सदस्य (नगर कार्यापालिका)

श्री दल बहादुर थापा, सदस्य (नगर कार्यापालिका)

श्री मनराज गुरुङ्ग, सदस्य (नगर कार्यापालिका)

श्री दानु अधिकारी सापकोटा, सदस्य (नगर कार्यापालिका)

श्री गिता महत, सदस्य (नगर कार्यापालिका)

श्री विष्णुमाया ढकाल लम्साल, सदस्य (नगर कार्यापालिका)

श्री रिता कुमारी भुजेल थापा, सदस्य (नगर कार्यापालिका)

श्री सानुमाया ~~थापा~~ महत, सदस्य (नगर कार्यापालिका)

श्री कुल बहादुर भुजेल, सदस्य (नगर कार्यपालिका)

श्री खिम बहादुर कुमाल, सदस्य (नगर कार्यपालिका)

श्री भरत लामगादे, सदस्य (नगर कार्यपालिका)

**अन्य उपस्थिति :**

श्री हिमा पोखेल, प्रशासकीय अधिकृत, प्रशासन शाखा प्रमुख ।

आज मिति २०७४ साल पौष महिनाको ६ गते विहीवारका दिन दिनको ठिक ११.०० वजे शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्ग ज्यू को अध्यक्षतामा बसी तपशिल बमोजिमका प्रस्तावहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

श्री किसान गुरुङ्ग , नगर प्रमुख, शुक्लागण्डकी नगरपालिका कार्यालय

श्री सविता रसाईली , नगर उपप्रमुख ,सदस्य(नगर कार्यापालिका)

श्री रवि चन्द्र पौडेल, सदस्य (नगर कार्यापालिका)

श्री जगत बहादुर गुरुङ्ग ,सदस्य (नगर कार्यापालिका)

श्री राम कुमार श्रेष्ठ ,सदस्य (नगर कार्यापालिका)

श्री शिव कुमार श्रेष्ठ, सदस्य (नगर कार्यापालिका)

श्री दिर्घ बहादुर थापा, सदस्य (नगर कार्यापालिका)

श्री कृष्ण बहादुर पौडेल, सदस्य (नगर कार्यापालिका)

श्री राम बहादुर क्षेत्री थापा, सदस्य (नगर कार्यापालिका)

श्री कृष्ण प्रसाद रेग्मी, सदस्य (नगर कार्यापालिका)

श्री लोक नारायण श्रेष्ठ, सदस्य (नगर कार्यापालिका)

श्री रामचन्द्र भण्डारी, सदस्य (नगर कार्यापालिका)

श्री दल बहादुर थापा, सदस्य (नगर कार्यापालिका)

श्री मनराज गुरुङ्ग, सदस्य (नगर कार्यापालिका)

श्री दानु अधिकारी सापकोटा, सदस्य (नगर कार्यापालिका)

श्री गिता महत, सदस्य (नगर कार्यापालिका)

श्री विष्णुमाया ढकाल लम्साल, सदस्य (नगर कार्यापालिका)

श्री रिता कुमारी भुजेल थापा, सदस्य (नगर कार्यापालिका)

श्री भानुमाया महत , सदस्य (नगर कार्यापालिका)

श्री कुल बहादुर भुजेल, सदस्य (नगर कार्यापालिका)

श्री खिम बहादुर कुमाल, सदस्य (नगर कार्यापालिका)

श्री भरत लामगादे, सदस्य (नगर कार्यापालिका)

**अन्य उपस्थिति :**

श्री हिमा पोखेल, प्रशासकीय अधिकृत, प्रशासन शाखा प्रमुख ।

निर्णय नं. १

नगर सभाबाट पारित भएका वडा स्तरिय बजेट एवम कार्यक्रमगत योजनाहरु वडाबाटै वडाध्यक्षले सम्झौता गर्ने गरि वडा कार्यालयलाई नै जिम्मेवारी प्रदान गर्ने ।

निर्णय नं. २

नगर सभाबाट पारित भएको खानेपानी तथा सरसफाई शिर्षक तर्फको बजेटको बाकी रकम बाट रु ७२,००,०००।– बाट नगर विकास योजना पुस्तिकामा समावेश भएका योजनाहरु र वडा बाट प्राप्त निवेदनहरु मध्येबाट आवश्यकता अनुसार प्राथामिकताका आधारमा तपशिल बमोजिमका योजनाहरु छनौट गर्ने । साथै नपुग रकम रु २८,००,०००।– गत बर्षको अ.ल्या बाट शोधभर्ना हुनेगरि रकम विनियोजन गर्ने ।

तपशिल :

| वडा नं. | योजना तथा कार्यक्रमको विवरण | विनियोजन गरिएको रकम | कैफियत |
|---|---|---|---|
| १. | अर्घाली खानेपानी योजना | १० लाख | |
| २. | राड्दी खानेपानी योजना | ५ लाख | |
| ३. | रातमाटा खानेपानी योजना | १० लाख | |
| ५. | सिमलचौर/जनकल्याण खानेपानी योजना | १० लाख | |
| ६. | कालिका खानेपानी योजना | १० लाख | |
| ७. | मालेवगर खानेपानी योजना | १० लाख | |
| ८. | संगमटोल/ एकता टोल खानेपानी योजना | ५ लाख | |
| ९. | गुर्दुम खानेपानी योजना | १० लाख | |
| १०. | रजस्थल/लाम्पाटा/ब्याड्दी/लोकदीटार | १० लाख | |
| ११. | जरेवर/वराहाखोला/खोलाखेत खानेपानी योजना | १० लाख | |
| १२. | रातमाटा/वराहाडाडा/प्युरिदोभान | १० लाख | |
| | जम्मा रकम | रु १,००,००,०००।– | |

निर्णय नं. ३

शुक्लागण्डकी नगरपालिका वडा नं. १ मा ग्रामिण सामुदायिक पुर्वाधार तथा वातावरण विकास मञ्चद्धारा संचालित सामुदायिक विधुत कार्यक्रमका लागी कुल लागतको ५% रकम रु १,८९,५२०।– ( अक्षेरुपी रु एक लाख उन्नानब्बे हजार पाच सय विस रुपैया) साझेदारी कार्यक्रमबाट उपलब्ध गराउने ।

प्रमुख

निर्णय नं. ४

शु.न.पा वडा नं. १२ मा श्री ग्रामिण उपभोक्ता सामुदायिक विधुतीकरण फिरफिरे द्धारा संचालित सामुदायिक विधुत कार्यक्रमका लागि कुल लागतको ५ % रकम रु १,३०,०००।– (अक्षेरुपी रु एक लाख तिस हजार) मात्र साझेदारी कार्यक्रमबाट उपलब्ध गराउने ।

निर्णय नं. ५

नगर सभाबाट पारित नगर विकास योजना निर्णय नं. ६८ को ३७ बमोजिम साझेदारी योजना तर्फ विनियोजन गरिएको जम्मा रकम रु १ करोड ५० लाख रकमको सिमाभित्र रहने गरि प्रत्येक योजनामा ५०/५० प्रतिशतको साझेदारीमा २,३,४,५,६,७,८,९,११ का वडाहरुमा १५ लाख भित्रका योजना संबन्धित वडा समितिको सिफारिसमा साझेदारी कार्यक्रम अघि बढाउने ।

निर्णय नं. ६

नगर सभाबाट पारित नगर विकास योजना पुस्तिका निर्णय नं. ६८ को १,२, र ३ बमोजिम स्विकृत लक्षित वर्गका योजना तथा कार्यक्रमहरु पेश गर्न तपशिल बमोजिमका कार्यपालिकाका सदस्यहरु संयोजक रहने गरि बढिमा ११ सदस्यिय समिति गठन गर्ने ।

१) बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति :

संयोजक : श्री जगत बहादुर गुरुङ्ग

२) आदिवासी जनजाती उत्थान समिति :

संयोजक : श्री खिम बहादुर कुमाल

३) उपेक्षित उत्पिडित र दलित वर्ग उत्थान समिति :

संयोजक : श्री भरत लामगादे

निर्णय नं. ७

शुक्लागण्डकी नगरपालिकाका नगर कार्यपालिकामा समायोजन भई आएका विषयगत शाखा कार्यालयहरु मध्ये कृषि शाखा, पशु सेवा शाखा र महिला तथा बालबालिका क्षेत्रबाट पेश भएको संशोधन सहितको कार्यक्रम तपशिल बमोजिमका विषय र शिर्षकमा तपशिल बमोजिमको रकम गत वर्षको अ.ल्या रकमबाट खर्च गर्ने गरि विनियोजन गर्ने ।

१. पशु सेवा शाखा :

क) पशु विकास कार्यक्रम : रु ४०,०६,०००|- (अक्षेरुपी रु चालिस लाख छ हजार मात्र )

२. कृषि शाखा : रु ६२,४७,४००|- (अक्षेरुपी रु बैसठ्ठी लाख सत्चालिस हजार चार सय रुपैया मात्र )

क) कृषि प्रसार कार्यक्रम : रु ४७,४९,४००|- (अक्षेरुपी रु सत्चालिस लाख उनन्पचास हजार चार सय रुपैया मात्र )

ख) प्रधानमन्त्रि कृषि आधुनिकीकरण कार्यक्रम : रु १५,००,०००|- ( अक्षेरुपी रु पन्ध्र लाख मात्र )

३.महिला विकास कार्यक्रम : जम्मा रु १६,००,०००|– (अक्षेरुपी रु सोह्र लाख मात्र )

क) रु ६,००,०००|- (अक्षेरुपी रु छ लाख मात्र ) गत बर्षको अ.ल्या रकमबाट खर्च गर्ने ।

ख) रु १०,००,०००|– (अक्षेरुपी रु दश लाख मात्र ) आ.व ०७४|७५ को नगर विकास योजनामा महिला,बालबालिका तथा समाज कल्याण शिर्षकमा स्वीकृत भएको ।

निर्णय नं. ८

नगर सभाबाट स्वीकृत गरिएको कार्यालय सहयोगीको दरबन्दिमा नपुग भएका वडाहरु २,३,४,७,९ र १० वडाका लागि कार्यालय सहयोगीलाई सेवा करारमा लिनका लागि तपशिल बमोजिमको पदपुर्ति समिति गठन गर्ने र सो समितिले सिफारिस गरेबमोजिमका व्याक्तिहरुलाई सेवा करार सम्झौता गर्ने ।

तपशिल :

संयोजक : शु.न.पा पदपुर्ति समितिको अध्यक्ष

सदस्य : श्री जगत बहादुर गुरुङ्ग(सदस्य (नगर कार्यपालिका)

सदस्य : श्री राम श्रेष्ठ(सदस्य (नगर कार्यपालिका)

सदस्य : श्री शिव कुमार श्रेष्ठ (नगर कार्यपालिका )

सदस्य : श्री राम बहादुर थापा क्षेत्री(सदस्य (नगर कार्यपालिका)

सदस्य : श्री लोक नारायण श्रेष्ठ(सदस्य (नगर कार्यपालिका)

सदस्य : श्री रामचन्द्र भण्डारी(सदस्य (नगर कार्यपालिका)

सदस्य : श्री खिम बहादुर कुमाल(सदस्य (नगर कार्यपालिका)

सदस्य : श्री दानु अधिकारी सापकोटा(सदस्य (नगर कार्यपालिका)

सदस्य सचिव : श्री काशी राम गैरे , प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ९.

नगर कार्यपालिकाबाट यस भन्दा अघि शिलबन्दि गरेको माल (ढुङ्गा,गिटी,वालुवा) प्राविधिक प्रतिवेदन अनुसारको राजस्व नउठे सम्म सवै ढुङ्गा,गिटी,वालुवा उठाउने काम तत्काल बन्द गर्ने ।

निर्णय नं. १०

जिल्ला समन्वय समितिले राजस्व बाडफाड बापतको राजस्व रकम नदिने भन्ने पत्रको सर्न्दभमा दोश्रो चौमासिक सम्म राजस्व बाडफाड बापतको रकम नआएमा जिल्ला समन्वय समितिले टेण्डर गरेको सम्पुर्ण घाटहरु बन्द गर्ने ।

निर्णय नं. ११

मिति २०७२।०१।१२ गते र २०७२।०१।२९ गतेको विनाशकारी भुकम्पबाट निजी आवास क्षती भै हाल निर्माण प्रक्रिया थालनी भएकोमा ग्रामिण बस्तीमा सामान्य निकास (आगन प्रयोग गर्ने गरि) घर बनाई बसोबास गर्दै आइ रहेका र गाँउ बाटाहरु एवं यातायातको सुविधा नभएको हुँदा भुकम्प निजी आवास निर्माण प्रयोजनका लागि प्राप्त अनुदानको हकमा चलि आएको परम्परा अनुसार नै निजी आवास निर्माण गर्ने गराउंने ।

निर्णय नं. १२

कार्यपालिका एव नगरसभा द्धारा प्रत्येक वडामा आवश्यकता अनुसार नयाँ भवन निर्माण तथा थपका लागी स्वीकृत योजना वडा समिती एवं उपभोक्ता समिति मार्फत निर्माण गर्ने माग भै आएमा वडा कार्यालयको हकमा १०%(दश प्रतिशत), नगद साझेदारी समस्या हुने हुँदा कुल लागतको १०%(दश प्रतिशत) मात्र जनश्रम गराउंने गरि निर्माण प्रक्रिया गर्ने गराउंने ।

निर्णय नं. १३

सडक वोर्ड नेपालबाट बिनियोजीत भै आएको ३५ लाख रकममा १५ लाख रकम न.पा ले साझेदारी शिर्षकबाट थप्ने गरि जम्मा रु ५० लाखको रकम देहायका मोटरमार्गमा बाडफाड गर्ने ।

तपशिल :

| क्र.स | मोटरमार्गको नाम | वडा नं. | विनियोजन गरिएको रकम | कैफियत |
|---|---|---|---|---|
| १. | दुलेगौडा घारी हुँदै घुमाउने पुल सम्मको बाटो | ९ | १० लाख | |

| | | | | |
|---|---|---|---|---|
| २ | लोकदीटार बाट मिनमखानी छब्दी मान्द्रे हुँदै क्याङ्दी ज्याङ्गलादी सम्म | १० | १० लाख | |
| ३ | नमुनामार्ग क्याङ्दी अलैचे हरिनाश | ११ | १० लाख | |
| ४ | साखेदेखि छापस्वारा,रजस्थल देखि छापस्वारा र अर्साङ्दी खोला देखि प्युरीदोभान सम्म | १२ | १० लाख | |
| ५ | सिम्ले देखि राङ्दी | १ र २ | १० लाख | संयुक्त |

निर्णय नं. १४

यस वर्षातको समय २०७४ मा यातायातमा क्षती पुर्‍याएको हुँदा दशै तिहारमा यातायात सुचारुका लागि मर्मत सम्भार गरिएको हुँदा सम्बन्धित वडाको सिफारिस तथा प्राविधिक मुल्याङकनका आधारमा मर्मत सम्भार कोषबाट भुक्तानी दिने ।

निर्णय नं. १५

नगरपालिका क्षेत्रभित्र अव्यवस्थित रुपमा छाडिएका पशु चौपायहरुको संरक्षणका लागि नगरपालिका क्षेत्रभित्रको सार्वजनिक जग्गाहरु खोजि गरि संभाव्यता अध्ययन गर्ने ।

निर्णय नं. १६

नगरपालिकाको नगर सभाहल निर्माणको लागि लागत अनुमान तथा डिजाईन गर्दा भ्याट र कन्टिन्जेन्सी सहित रु ४६,८०,०३१।- हुन आएको हुँदा उक्त लागत अनुमान अनुसार नगर सभाबाट पारित रकम रु २५,००,०००।- मात्र भएकोले अपुग रकम रु २१,८०,०३१।८७ न.पा को गत बर्ष अ.ल्या वजेट बाट विनियोजन गर्ने ।

निर्णय नं. १७

क.न.पा नगर कार्यपालिकाको प्रथम चौमासिक खर्च विवरण सहितको प्रतिवेदन उपर छलफल गरियो ।

निर्णय नं. १८

नगरपालिकाको लागि आवश्यक सवारी साधन खरिद प्रक्रिया अघि बढाउने ।

प्रमुख

प्रमुख प्रशासकीय अधिकृत